म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- २९२ २०८१ भदौ २९ गते शनिबार 14 September 2024, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

## १० जनामा डेंगु संक्रमण पुष्टि

हेटौंडाः मकवानपुरमा शुक्रबार १० जनामा डेंगु संक्रमण पुष्टि भएको छ । स्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको विवरणअनुसार शुक्रबार १० जनामा डेंगु संक्रमण पुष्टि भएको हो ।

डेंगु संक्रमण पुष्टि हुनेमा हेटौंडा उपमहानगरपालिकाका ९ जना बासिन्दा रहेका छन् भने एक जना अन्य जिल्लाको रहेका छन् । चालु आर्थिक वर्षको साउन महिनायता जिल्लामा ३ सय ८० जनामा डेंगु संक्रमण पुष्टि भइसकेको छ । डेंगु पुष्टि हुनेमा एक सय ९० जना पुरुष र एक सय ९० जना महिला रहेको तथ्याङ्क छ ।

### बागमती वन मन्त्रालयको ६ वर्षमा ५ अर्ब बजेट फ्रिज

# ओरालो लाग्दै वनको राजश्व

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयको ६ वर्षको अवधिमा ५ अर्ब रुपैयाँ बजेट फ्रिज भएको छ । हरेक आर्थिक वर्षमा विनियोजित कुल बजेट करिब १५ अर्ब रुपैयाँमध्ये १० अर्ब रुपैयाँमात्र खर्च भएको हो ।

विनियोजित बजेटमध्ये ५ अर्ब खर्च नभएको मन्त्रालयले जनाएको छ । मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७५/०७६ देखि आर्थिक वर्ष २०८०/०८१ सम्ममा १४ अर्ब ९३ करोड ३३ लाख ४१ हजार बजेट विनियोजन गरेकोमा १० अर्ब २२ करोड २ लाख ६ हजार रुपैयाँ खर्च भएको हो । ६ वर्षको अवधिमा मन्त्रालयले पाएको कुल बजेटमध्ये ६८ प्रतिशतमात्र खर्च भएको छ ।

मन्त्रालयले सबैभन्दा बढी आर्थिक वर्ष २०८०/०८१ र २०७९/०८० मा बजेट खर्च गरेको छ । सो वर्षमा मन्त्रालयले कुल वियोजनको ७६ प्रतिशत बजेट खर्च गरेको मन्त्रालयले जनाएको छ । मन्त्रालयले सबैभन्दा कम २०७५/०७६ मा कुल बजेटको ५० प्रतिशतमात्र खर्च गरेको थियो ।

मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७५/०७६ मा २ अर्ब ८४ करोड ३९ लाख ५८ हजार रुपैयाँ बजेट विनियोजन गरेकोमा १ अर्ब ४२ करोड ३० लाख ९८ हजार रुपैयाँ खर्च गरेको थियो । सो वर्ष मन्त्रालयले कुल विनियोजनको ५० प्रतिशत रकममात्र खर्च गरेको थियो ।

यस्तै, आर्थिक वर्ष २०७६/०७७ मा २ अर्ब १४ करोड ४६ लाख ८६ हजार रुपैयाँ बजेटमध्ये ६५ प्रतिशत अर्थात् १ अर्ब ३९ करोड रुपैयाँ खर्च भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ । आर्थिक वर्ष २०७७/०७८ मा १ अर्ब ९९ करोड ६५ लाख ५३ हजार रुपैयाँ बजेटमध्ये १ अर्ब ३५ करोड २५ लाख ५६ हजार रुपैयाँ (६७ प्रतिशत) खर्च गरेको छ भने आर्थिक वर्ष २०७८/०७९ मा २ अर्ब १५ करोड २३ लाख ३३ हजार बजेट विनियोजन भएकोमा १ अर्ब ६३ करोड ३० लाख ४८ हजार रुपैयाँ (७५ प्रतिशत) खर्च गरेको छ ।

यसैगरी, आर्थिक वर्ष २०७९/०८० मा ३ अर्ब ६ करोड ८७ लाख ४५ हजार रुपैयाँ बजेट विनियोजन भएकोमा २ अर्ब ३४ करोड ११ लाख ५३ हजार रुपैयाँ (७६ प्रतिशत) खर्च गरेको छ । गत आर्थिक वर्ष २०८०/०८१ मा २ अर्ब ७२ करोड ७० लाख ६६ हजार रुपैयाँ बजेटमध्ये २ अर्ब ७ करोड (७६ प्रतिशत) खर्च गरेको छ ।

### ओरालो लाग्दै वनको राजश्व

गत ६ आर्थिक वर्षमा वन तथा वातावरण मन्त्रालयको राजश्व संकलन दर ओरालो गतिमा रहेको छ । मन्त्रालयको ६ आर्थिक वर्षको राजश्व संकलनको दर विश्लेषण गर्दा निरन्तर घट्दो क्रममा रहेको छ ।

प्रदेश सरकार स्थापनाको अवधिमा वन मन्त्रालयको राजश्व संकलन अर्बको हाराहारीमा रहेको थियो । तर, क्रमशः राजश्व संकलन दर ३ गुणाले कम हुने अवस्थामा रहेको देखिन्छ । मन्त्रालय विभाजन, वन पैदावार बिक्री वितरण, काठ उत्पादनमा कठिनाई भएसँगै मन्त्रालयको राजश्व संकलन घटेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार सामुदायिक वनबाट उत्पादित काठ बिक्रीबापत प्रदेश सरकारलाई प्राप्त हुने राजश्वसमेत उठाउन कानुनी जटिलता रहेको छ । यसअघि सामुदायिक वनबाट उत्पादित काठ बिक्रीबापत प्रदेशलाई प्राप्त हुने १० प्रतिशत राजश्व संकलन सर्वोच्चको मुद्दाका कारण रोकिएको मन्त्रालयले जनाएको छ । अघिल्लो आर्थिक वर्षमा आर्थिक ऐनबाट उक्त शीर्षकअन्तर्गत राजश्व दर १० प्रतिशतबाट बढाएर २० प्रतिशत पुऱ्याएपछि सर्वोच्च अदालतमा मुद्दा परेको र सो मुद्दामा सर्वोच्चले ऐनको दफा प्रयोग गर्न आदेश गरेका कारण विगतमा संकलन हुँदै आएको राजश्व समेत प्राप्त नभएको मन्त्रालयको भनाइ छ ।

मन्त्रालयले ६ आर्थिक वर्षमा करिब ३ अर्ब रुपैयाँ राजश्व संकलन गरेको छ । वन क्षेत्रबाट उत्पादन हुने काठ तथा वनपैदावार बिक्रीबापत मन्त्रालयले ३ अर्बको हाराहारीमा राजश्व संकलन गरेको हो ।

मन्त्रालयले आर्थिक वर्ष २०७५/०७६ देखि आर्थिक वर्ष २०८०/०८१ सम्ममा २ अर्ब ९६ करोड ८२ लाख राजश्व संकलन गरेको छ । मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७५/०७६ मा ७८ करोड ८४ लाख रुपैयाँ राजश्व संकलन गरेको थियो भने आर्थिक वर्ष २०७६/०७७ मा ६६ करोड रुपैयाँ राजश्व संकलन भएको छ । आर्थिक वर्ष २०७७/०७८ मा ३८ करोड ८० लाख रुपैयाँ र आर्थिक वर्ष २०७८/०७९ मा ४६ करोड ५७ लाख रुपैयाँ राजश्व संकलन गरेको छ । मन्त्रालयले आर्थिक वर्ष २०७९/०८० मा ३९ करोड २२ हजार रुपैयाँ र गत आर्थिक वर्ष २०८०/०८१ मा २७ करोड ३९ लाख रुपैयाँ राजश्व संकलन गरेको थियो ।

### काठ दाउरा बिक्री बढ्दो

मन्त्रालयको ६ वर्षको काठ दाउरा संकलन तथा बिक्री दर बढ्दो क्रममा रहको छ । विगतको आर्थिक वर्षको तुलनामा काठ दाउरा संकलन तथा बिक्री बढेको मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

मन्त्रालयले ६ वर्षमा १ करोड १५ लाख ११९ क्यूफिट काठ तथा १३ हजार १ चट्टा दाउरा संकलन तथा बिक्री गरेको छ । मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७५/०७६ देखि २०८०/०८१ सम्ममा १ करोड १५ लाख ११९ क्यूफिट काठ तथा १३ हजार १ चट्टा दाउरा संकलन तथा बिक्री गरेको हो ।

मन्त्रालयले आर्थिक वर्ष २०७५/०७६ मा १६ लाख ८६ हजार ९४६ क्यूफिट काठ तथा १ हजार ३८५ चट्टा दाउरा बिक्री गरेको थिया भने आर्थिक वर्ष २०७६/०७७ मा १० लाख ४७ हजार ७९४ क्यूफिट काठ तथा ७५९ चट्टा दाउरा बिक्री गरेको थियो ।

यस्तै, आर्थिक वर्ष २०७७/७८ मा १७ लाख ८५ हजार ८३७ क्यूफिट काठ तथा २ हजार ६५७ चट्टा दाउरा बिक्री गर्दा आर्थिक वर्ष २०७८/०७९ मा १८ लाख ८३ हजार २४० क्यूफिट काठ तथा २ हजार १९५ चट्टा दाउरा बिक्री गरेको छ । मन्त्रालयले आर्थिक वर्ष २०७९/०८० मा २६ लाख ३५ हजार ४११ क्यूफिट काठ तथा २ हजार ६४९ चट्टा दाउरा बिक्री गर्दा गत आर्थिक वर्ष २०८०/०८१ मा २४ लाख ६० हजार ८९१ क्यूफिट काठ तथा ३ हजार ३५६ चट्टा दाउरा बिक्री गरेको थियो ।

### जडीबुटी संकलनमा सुधार

वन था वातावरण मन्त्रालयले जडीबुटी संकलन दरमा सुधार गरेको छ । मन्त्रालयले पछिल्लो ६ वर्षमा १७ लाख ७३ हजार ७ सय १९ किलो जडीबुटी संकलन गरेको हो ।

मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७५/०७६ मा २ लाख ७ हजार ५७३ किलो जडीबुटी संकलन गरेको थियो भने २०७६/०७७ मा २ लाख ५५ हजार ६७८ किलो जडीबुटी संकलन गरेको हो । यस्तै, आर्थिक वर्ष २०७७/०७८ मा १ लाख ४३ हजार ५६७ किलो, आर्थिक वर्ष २०७८/०७९ मा ४ लाख ८१ हजार ३९९ किलो जडिबुटी संकलन गरेको थियो । मन्त्रालयले आर्थिक वर्ष २०७९/०८० मा ३ लाख २७ हजार ५८८ किलो र आर्थिक वर्ष २०८०/०८१ मा ३ लाख ५७ हजार ९ सय १४ किलो जडीबुटी संकलन गरेको थियो ।

# हेटौंडा उपमहानगरको विशेष नगरसभा पुनः असोज १५ मा

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको दोस्रो विशेष नगरसभा आगामी असोज १५ गते फेरि बस्ने भएको छ । शुक्रबारको पहिलो विशेष नगरसभामा असोज १५ गतेका लागि दोस्रो विशेष नगरसभा आह्वान गर्ने निर्णय गरिएको हो । शुक्रबारको विशेष नगरसभा कुनै निर्णयबिना स्थगित भएको छ ।

हेटौंडा नगरपालिकाका प्रवक्ता एवम् हेटौंडा-१ का वडाध्यक्ष सविन न्यौपानेले शुक्रबारको विशेष नगरसभामा अरु कुनै निर्णय नभएको बताउनुभयो । उहाँका अनुसार नगरसभालाई कानुनसम्बत अगाडि बढाउने गरी यसको दोस्रो सभा असोज १५ गतेलाई आह्वान गरेर शुक्रबारको सभा स्थगित भएको उहाँको भनाइ छ ।

नगरसभामा उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि कायम गरेको राजस्वको दरबारे कुनै निर्णय भएन । करका विषयमा अब अध्ययन हुने र दोस्रो सभामा त्यसको एजेण्डा के आउँछ त्यतिखेर नै प्रस्तुत हुने प्रवक्ता न्यौपानेले बताउनुभयो । करिब एक महिना अगाडि मकवानपुरका व्यवसायीहरुले करको दर बढाएको भन्दै विरोध जनाउनुका साथै विशेष नगरसभा बोलाउन माग गरेपछि गत मंगलबार बसेको नगर कार्यपालिकाको बैठकले शुक्रबारका लागि विशेष नगरसभा आह्वान गरेको थियो ।

शुक्रबारको विशेष नगरसभामा बहुमत सदस्यहरुको तर्फबाट हेटौंडा-४ का वडा अध्यक्ष नवीन सिग्देल र नगरपालिकाका प्रवक्ता एवम् हेटौंडा-१ का वडा अध्यक्ष सविन न्यौपानेले मन्तव्य राख्नुभएका थियो । नगर प्रमुख मीनाकुमारी लामाको सभाध्यक्षतामा विशेष नगरसभा बसेको हो ।

# हेटौंडा-४ बालमैत्री शासनयुक्त वडा घोषणा

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर-४ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको छ । शुक्रबार एक कार्यक्रमका बीच हेटौंडा उपमहानगर पालिकाकी नगर प्रमुख मीनाकुमारी लामाले ४ नम्बर वडालाई निकृष्ट बालश्रममुक्त, बालविवाहमुक्त र स्थानीय शासनयुक्त वडा घोषणा गर्नुभएको हो ।

'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने मूल नारालाई सार्थक बनाएर हेटौंडा उपमहानगरपालिका वडा नम्बर-४ लाई छैटौं वडाको रुपमा निकृष्ट बालश्रममुक्त, बालविवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको हो । हेटौंडा-४ को शैक्षिक गुणस्तर सुधार समिति र टोल विकास संस्था वडा समन्वय समितिको व्यवस्थापनमा बालमैत्री वडा घोषणा कार्यक्रम भएको हो ।

वडाले शुक्रबार बिहान हुप्रचौरदेखि वडाका विभिन्न क्षेत्र परिक्रमा गरेर रोयल पार्टी प्यालेसको कार्यक्रमसम्म प्रभातफेरी गरेको थियो । बाजागाजासहितको प्रभातफेरीमा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा मुल समारोह समिति, वडाभित्रका टोल विकास संस्थाहरु, विद्यालय, क्याम्पस, धार्मिक तथा अन्य संघसंस्थाको सहभागिता थियो ।

यसअघि हेटौंडा उपमहानगरपालिकाको २, ७, ८, १० र १७ नम्बर वडा बालमैत्री वडा घोषणा भइसकेकामा शुक्रबार ४ नम्बरलाई छैटौं बालमैत्री स्थानीय शासनयुक्त वडाको रुपमा घोषणा गरिएको वडा अध्यक्ष नवीन सिग्देलले बताउनुभयो ।

वडालाई नेपाल सरकारको मापदण्डको आधारमा बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ वटा सूचकहरुमध्ये ४९ वटा सूचकहरु शत प्रतिशत, २ वटा सूचकमा ९५ प्रतिशत नतिजा हासिल गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न सफल भएको वडा अध्यक्ष सिग्देलले बताउनुभयो । वडाभित्र १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या ४ हजार २ सय ७० रहेकोमा २ हजार २ सय ५१ जना बालक रहेका छन् । बालिकाको संख्या भने २ हजार १९ रहेका छन् ।

यसैगरी वडामा समुदायस्तरमा ११ वटा र विद्यालयस्तरमा ९ वटा बालसमूह गरी २० वटा बाल समूह सञ्जाल रहेको छ । ती समूहमा ४ सय ७५ जना बालबालिका आवद्ध छन् । बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणासँगै तेस्रो बृहत् शैक्षिक प्रदर्शनी तथा सांस्कृतिक कार्यक्रम गरिएको छ ।

# फेरि सऱ्यो महासंघको चुनाव, असोज १२ मा निर्वाचन

समाज संवाददाता

हेटौंडाः नेपाल पत्रकार महासंघको निर्वाचन फेरि सरेको छ । यसअघि असोज ५ गतेका लागि तय गरिएको निर्वाचन महासंघले आगामी असोज १२ गतेका लागि सारिएको हो ।

महासंघले आगामी असोज १२ गते शनिबारका दिन निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचन समितिलाई पत्राचार गरेको छ । महासंघले निर्वाचन समितिसँग निर्वाचनको मिति सार्न सहमतिसमेत गरेको जनाएको छ ।

महासंघका कार्यवाहक अध्यक्ष रमेश बिष्टले शुक्रबार एक विज्ञप्ति जारी गर्दै मतदाता सूची र निर्वाचन तालिका शनिबार सार्वजनिक गर्ने समझदारी भएको जानकारी दिनुभएको छ । असोज ५ गते तीनै तहको निर्वाचन सम्पन्न गर्ने मिति घोषणा भइसकेको अवस्थामा महासंघका अध्यक्ष विपुल पोखरेलले विभिन्न कारण देखाउँदै राजीनामा दिनु भएपछि असहज परिस्थिति उत्पन्न भएको र निर्वाचनको घोषित मितिमा सामान्य हेरफेर गरी निर्वाचन सम्पन्न गर्नुपर्ने बाध्यात्मक परिस्थिति सृजना भएको विज्ञप्तिमा उल्लेख गरिएको छ । अध्यक्ष पोखरेलकै नेतृत्वमा महासंघसँग सरोकार राख्ने पक्षहरुसँगको सहमतिमा तयार भएको मतदाता सूची शुक्रबार निर्वाचन समितिलाई हस्तान्तरण गरिएको कार्यबाहक अध्यक्ष बिष्टले जानकारी दिनुभएको छ । महासंघको निर्वाचन सम्पन्न गर्न सरोकारवालाबाट सहयोगको अपेक्षासमेत गरेको छ ।

# सामुदायिक रेडियोको आठौं महाधिवेशन सुरु

समाज संवाददाता

ललितपुरः सामुदायिक रेडियो प्रसारक संघ (अकोराव) को १८ औं वार्षिक साधारणसभा तथा आठौं अधिवेशन ललितपुरमा सुरु भएको छ । शुक्रबार र शनिबार दुई दिनसम्म सञ्चालन हुने अधिवेशनले अकोरावको नयाँ समिति चयन गर्नेछ ।

अधिवेशनमा देशभरबाट तीन सयभन्दा बढी संख्याका रेडियो प्रतिनिधिको सहभागिता रहेको छ भने सामुदायिक रेडियो अभियानमा सक्रिय छिमेकी मुलुक भारतसहित अष्ट्रेलिया र जापानका प्रतिनिधि पनि सहभागी छन् । भारत, अष्ट्रेलिया र जापानका प्रतिनिधिले रेडियो अभियान, अभ्यास र आगामी सम्भावनाका बारेमा आ-आफ्ना प्रयासबारे जानकारी गराएका थिए ।

अकोरावका अध्यक्ष अर्जुन गिरीले नेपालमा सामुदायिक रेडियो अभियानको अवस्थाका बारेमा जानकारी गराउनु भएको थियो । संघीय सरकारको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले अधिवेशनको उद्घाटन गर्नुभएको हो ।






# म के हुँ ?

निबन्ध



आयुसा श्रेष्ठ

म को हुँ ?' होइन 'म के हुँ' भन्ने प्रश्न एक व्यक्तिले सोध्न सक्ने सबैभन्दा गहिरो र दार्शनिक जिज्ञासाहरु मध्ये एक हो । यो प्रश्नले केवल भौतिक जगतको हदसम्म सीमित नगरी, चेतनाको गहिराइ, आत्माको अमूर्तता र अस्तित्वको रहस्यलाई समेट्छ । यस प्रश्नको उत्तर खोज्ने बेलामा मैले आफैलाई विभिन्न आयामहरुमा हेर्नुपर्छ । जस्तै भौतिक, मानसिक, आध्यात्मिक र अस्तित्वगत, प्रत्येक दृष्टिकोणले मेरो 'म' को भिन्न पाटोलाई उजागर गर्छ । म साँचेको सोँच्यै भएँ किनकी सोँच्दा सोँच्दै म यो सोँच्न पुगेँ के अरुलाई थाहा होला त उनीहरू के हुन् ?' भनेर । यदि यो संसार भरका एउटा मानिस- लाई पनि आफू के हो भनेर थाहा छैन भने मलाई चाहिँ कसरी थाहा हुन्छ र कि म के हुँ ? भनेर ।

'म के हुँ ?' यदि म भौतिक दृष्टिले आफैलाई हेरें भने, म एउटा शरीर हूँ, जो कोष, रगत, मासु, हड्डी र अङ्गहरूको अनन्त संयोजनले बनेको छ । मेरो यो शरीर, समयको लामो यात्रामा, प्राकृतिक चयनको परिणामस्वरूप विकसित भएको छ । यस शरीरको प्रत्येक एउटा अङ्गले मेरो अस्तित्वलाई सम्भव बनाएको छ, तर के म केवल यही हुँ ? मेरो अस्तित्व के केवल रगत र मासुको यो गठबन्धनमा मात्र सीमित छ ? म के हुँ भन्ने प्रश्नको उत्तर यति मात्र त पक्कै हुँदैन ।

त्यसैले यदि अब मानसिक दृष्टिकोणबाट म के हुँ भन्ने प्रश्न हेर्ने हो भने यस प्रश्नले मलाई मेरो मनको संसारमा प्रवेश गराउँछ, म विचारको अनन्त धारा हुँ वा स्मृतिहरूको संग्रह हुँ । यो मन त अनुभव, संस्कार र समाजको पर्खालभित्र निर्माण भएको हो । यो मेरो अस्तित्वको त्यो पक्ष हो जसले सपना देख्छ, आकांक्षा राख्छ र आफूलाई परिभाषित गर्छ । तर के म मेरो स्मृतिहरुको योग मात्र हूँ ? म मेरो मन हुँ तर मन पनि त अस्थिर छ ।

विचारहरु आऊँछन र जान्छन्, भावनाहरु उठ्छन् र घटछन् र मेरो सबैभन्दा गहिरो विश्वास पनि एक क्षणमा उल्टिन सक्छ । यदि म मेरो मन हुँ भने म केवल एउटा अस्थिरताको तस्विर हूँ वा एक चिटिक्क स्वरुपले बलिरहेको मैनबत्ती जसलाई हावाको सामान्य सासले निभाउन सक्छ । त्यसैले म मेरो मन त पक्कै होइन होला ।

रातको शान्तिमा, जब संसार अन्धकारमा हराउँछ र दिनभरिको हलचल सम्झनामा हराइरहेको वेला. एक शान्त प्रश्न मेरो मनमा जहिले उठ्छ, अनायसै र लगातार 'म के हूँ ?' शायद म केही गहिरो छु, केहि जो शरीर र मनलाई पार गर्दछ । आत्मा, आत्मा एक सार जसले भौतिक संसारलाई पार गर्छ । त्यो, जसलाई विभिन्न धर्महरूले विभिन्न नामले चिनाउँछन् जस्तै आत्मा, आत्मन, चैतन्य आदि । त्यो नै मेरो साँचो अस्तित्व हो । म समय र स्थानको सीमाबाट परको हुँ, म अनन्तको एक अंश हूँ, जसले आफ्नो साँचो स्वरूपलाई महसुस गर्न खोज्दछ । मेरो भौतिक शरीर मरेपनि, मेरो यो आत्मा भने सदैव जिवित रहन्छ । यो आत्मा नै मेरो साँचो 'म' हो, जसले यो संसारभन्दा टाढा पनि महसुस गर्न सक्छ । तर आत्मा यो हो त्यो हो भनेर परिभाषित छ तर के यो केवल हाम्रो कल्पनाको एक संरचना हो जुन मृत्यु र अज्ञातको डरबाट जन्मिएको हो ?

अन्ततः म एक अस्तित्ववादी हूँ, जसले आफूलाई निरन्तर खोज्दै, निर्माण गर्दै र परिभाषित गर्दैछ । म पहिला अस्तित्व लिन्छु, अनि मेरो निर्णयहरू, मेरो कर्महरू र मेरो अर्थद्वारा आफूलाई परिभाषित गर्न खोज्छु । म स्वतन्त्र हुँ तर यो स्वतन्त्रता बोझसँग आऊँछ र मेरो अस्तित्वको जिम्मेवारसँग पनि आउँछ । म के हुँ भन्ने प्रश्न निरन्तरको यात्रा हो, जसले

मलाई आफैलाई पुनः पुनः परिभाषित गर्न प्रेरित गर्छ । सत्य यो हो कि म यी सबै चीजहरूको सङ्गम हूँ । एक शरीर जो संसारको माध्यमबाट हिँड्छ । एक मन जसले त्यसलाई बुझ्छ र यसको व्याख्या गर्छ, एक आत्मा जसले यसलाई अर्थ दिन्छ । म अनुभवहरूको एक संगीत हूँ, खुसी र दुख, प्रेम र हानि, आशा र निराशाको धागोबाट बुनेको एक गजुर हूँ । म एक प्रगतिको कथा हुँ, प्रत्येक सास, प्रत्येक हृदयको धड्कन, प्रत्येक चेतनाको क्षणसँगै खुल्दै जाने यात्रा हुँ ।

तर आखिरमा यो बुभाईहरु पनि अपूर्ण छ किनकी म संगीत - को मुनिको शून्यता क्रम पनि हूँ मौनता पनि हुँ, गजुरभित्र रहेको शून्यता, आँधी आएको बेलामा मुटुमा रहेको शान्तता पनि हुँ । त्यसैले त म के हुँ ? म एक प्रश्न हुँ जसको जवाफ दिन सकिदैन, म एक र हस्य हुँ जसलाई समाधान गर्न सकिँदैन । यसरी म के हुँ ? भन्ने प्रश्न केवल उत्तरको खोजी होइन, यो आत्माको यात्रा हो ।

म एक भौतिक शरीर हूँ, एक गतिशील मन हुँ, एक शाश्वत आत्मा हुँ र एक स्वतन्त्र अस्तित्ववादी हुँ । म यो संसारमा उपस्थित हूँ तर यस संसारमा सीमित छैन ! म समयसँग बग्दैछु तर अनन्तकालसम्म बाँकी छु । 'म के हुँ ?' भन्ने प्रश्नको उत्तरमा म केवल यो भन्न सक्छु कि म अनन्त यात्रामा छु, जहाँ प्रत्येक क्षणले मलाई नयाँ रुपमा परिभाषित गर्दछ ।

*कक्षा-१०*


# Getting Old

We all are getting old
In future, money will be
Something we'll hold
It is our age to learn

At adultage money we'll earn
In adult age we'll forget our childhood
The time when we played with
childrens of neighbourhood



Siddhant Singh



At old age,memories will be only in mind
At last death is a thing to find

*Class-4, Navodaya Shishu Sadan*
*Hetauda-4*

# चित्रकला







सुयोग श्रेष्ठ
कक्षा-५, ब्रम्हदिक् एकेडेमी
हेटौंडा-४





सोनम कुमारी शर्मा
कक्षा-६
श्री माध्यमिक विद्यालय, विजयपुर







विकल्प सिं रुम्बा
कक्षा-४ नवोदय शिशु सदन
हेटौंडा-४



श्रीमद् पुडासैनी
कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२






दिपासना थापा
कक्षा-१०, जिएस निकेतन
हेटौंडा-५





सोनु चौधरी
कक्षा-६, सिद्धार्थ शिशु सदन
हेटौंडा-५

# मुक्तक



**समृद्धि धिताल**

डाक्टर बन्नु मेरो सपना थियो हिँडेको थिएँ म सपना सजाउन
अरुको ज्यान बचाउन सफल भएँ सकिन आफैँलाई बचाउन
माफ गर्देउ है बाआमा त्यो दिन तिम्री छोरी कमजोर बन्न पुगी
त्यस रात सकिन मैले मानवरुपी दानवबाट आफुलाई जोगाउन

*कक्षा-८, प्रगति मावि, हेटौंडा-९*

# सपनाको सहर हेटौंडा



**चन्द्रमणि रिमाल**

तराईमा सुन फलाउन
सपना बुन्ने सहर
पहाडको गह
कैद छ हरियाली पछ्यौरीमा
दाहिने पारेर बग्ने
कञ्चन राप्ति
मनमा बहेको शीतल पवन
बोक्ने रुखहरू छन् यहाँ
अनि अजम्बरी गीत गाउने

सडकहरू छन् यता
रूखकै गोडामा
विरुवा रोपिएको छ
आफ्नै आँगनमा
सहरको बिचमा
मकवानपुरे चिनारी
ठेकी र मदानी

तिमी उदाउँछौ
पूर्वको मनकामनाबाट
पहिलो किरणले सुनौलो
रेखा तानेर स्मारकमा
लाखौंका खुसीका सपनाहरु
भरिन्छन् यहाँ
मनको पाथीले

बजारमा मान्छेहरू
फक्रिएका छन् फूलसरी
हासो छरी
बाँडिरहेका छन् खुसीयाली
हरेक गल्ली गल्लीमा छ
सुगन्धको पर्खाल
रात पर्छ सहर धुम्मिन्छ
ताराको लहरमा

सपना बोकेर
म सधैं हिँडिरहेछु
हेटौंडाको उज्यालोको
ढोकामा टक्क अडिएर बस्छु
यहाँका रूखहरू
प्रतीक हुन् समयको

जीवन बग्छ
कर्रा र सामरीजस्तै
सपनाको सहरमा
यो जीवनको बाटोमा
सहरले बाँधेको छ मलाई
एकताको मालामा

जीवनको अर्थ भेटिन्छ
यही एकतामा
सपना खोज्दै आएको म
हेटौंडाको आँगनमा
जिउँछु हरपल यहाँ
आत्माको परिभाषामा
सपनाको सुन्दर हेटौंडामा
खोजिरहेछु जीवनको परिभाषा

# टुक्का



**कृष्ण कुमार वैद्य**

शब्द थुपारेर साहित्यले कहाँ मन छुन्छ,
भाव विचारको श्रृङ्गार हुँदा सुन्दर हुन्छ ।

विनाशकारी हतियार हुन बारूद, गोला,
कतै पनि अनाहक विस्फोट नगर्नु होला ।

हुँदा खानेको आउनु पर्छ अब राज्यसत्ता,
दिँदैनन् न्याय हुनेखानेले सब छन् मैमत्ता ।

सत्मार्गमा निहित हुनुमा जिन्दगीको सार,
दुष्कार्यमा लाग्ने मानिस दुनियाँलाई भार ।

पिउँदा सिकायो सुरामा आइस टुक्रा घोल्न,
सुराले बेफिक्री भयो अङ्ग्रेजी फरर बोल्न ।

सीप उनको सृष्टि उनको उनै भोका नाङ्गा,
कजाएर शोषण गर्छन् उही बलिया बाङ्गा ।

नाच्ने गाउने पारा पनि छाडा देखिन थाल्यो,
जथाभावी नाच्ने गाउने भद्दा कदम चाल्यो ।

साहित्यलाई दर्पण भनोस् या अर्पण भनोस्,
आफ्नो धर्तीप्रति सदा नित्य समर्पण बनोस् ।

चेलीबेटी बिलौना गर्छिन् भाका हाली गीतमा,
तीजमा माइती जान्छिन् चेली सदाकै रीतमा ।

भन्छन् देख्दा पनि लाज लाग्ने छाडा भयो तीज,
राम्रोका लागि राम्रो नै चाहिन्छ होलान् नि बीज ।

*बनेपा-९, काभ्रे*

# बाल अधिकार



**सुभाना ढकाल**

कोपिला झैं फुलिरहने
हामी बालबालिका
किरण झैं चम्किरहने
हामी बालबालिका ॥


राम्रो ज्ञान आर्जन गरी
देश विकास गर्छौं
राम्रो पढी राम्रो लेखी
भविष्य बनाउँछौ ॥

साना साना आँखा तर
ठूला ठूला सपना
हामी बालबालिका
देख्छौ देशको
उज्जवल भविष्यको कामना ॥

पुऱ्याउँने मन छ देशलाई
आकाशको जुनमा
देश विकसित बनाउने खुसीमा
नाच्ने छन बालबालिका सङ्गीतको धुनमा ॥

*कक्षा-७, जी. एस. निकेतन मावि
हेटौंडा-५*

# नेपाल आमा रोइरहेकी छिन्



**परिधी सापकोटा**

न त छ वर्तमान न त भविष्य यो देशमा
युवाहरु पासपोर्ट बोकी लाग्छन् विदेश
महङ्गीले यो देशमा लाग्यो आकाश छुनलाई
गरीब जनता एक गाँस खानप पर्छ रुनलाई ॥

गणतन्त्र आए पनि खै त देशको विकास
कहिले पाउछौं नेपाल आमा तिमीले निकास
कति जना मरेका छन् सिटामोल पनि नपाई
कति जना बसेका छन् खाना पनि नखाई ॥

कति जना मरेका छन् ऋणमा दुखेर
नेपाल आमा रोएकी छिन् मुटु ठोकेर
कति जना मरेका छन् देशको लागी
तर नेताहरु लागेका छन् भ्रष्टाचारको पछि ॥

*जीएस निकेतन मावि, हेटौंडा-५*

# विद्यालय



**पज्ञा ढकाल**

अन्जान थिएँ जब त्यो धर्तीलाई टेकेँ
थाहा छैन गुरुआमाले हात समाउँदा म किन रोएँ
कलमलाई समाउन सिकाउँदै हुनुहुन्थ्यो ।
खै कसरी म यति छिटो ठूलो भए

शिक्षकको ठट्टा अनि त्यो लौरोको कुटाई
सम्झना आउँछ ती रमाइला पलहरू अझै
गुरुको कथा गुरु आमाको गीत
छापिएको छ विद्यालयका पलहरू यो मेरो मनमा ।

हाम्रा ती गफ अनि सानो खुराकमा झगडा
कति चोखोपन थियो है मित्रताको भावना
न कसैमा घमण्ड कोहीप्रति ईर्ष्या
आँखा रसाउँछ सम्झँदा ती दिनहरू आज ।

भावनाहरू मनमा मैले बाँध्न सकिन
आँखाका आँसु आज मैले थाम्न सकिन ।
ती दिनहरू अब मैले जिउन पाउँदिन
इच्छा हुँदाहुँदै पनि अब अतितमा फर्कन सक्दिन ।

*कक्षा-११, हेटौंडा स्कुल अफ म्यानेजमेन्ट, हेटौंडा-४*

## गाउँखाने कथा

१. अमेरिकन छेस्काले टोपी लगाएको कालो, त्यसको बस्ने ठाउँ मधुसजस्तो भाँडो ।
- सलाई

२. फलफूल देख्यो एउटाले चोर्न गयो अगाडी, टिप्यो एउटाले खाने भो अर्कोले गाली खायो एउटाले कुटाइ खायो फेरी अर्कोले अनि फलफूल देख्ने रुन थाल्यो ।
- आँखा, खुट्टा, हात, मुख

३. फल लागे फूल लाग्दैन, फूल लागे फल हुँदैन ।
- भाङको बोट

४. फलामको पाता सुनको छाता ।
- डाँडा माथि घाम

५. आँखा छ देख्दैन, कान छ सुन्दैन, मान्छे हो बोल्दैन ।
- सालीक

# साताको राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**



**मेष राशि**: घर परिवारलाई समय दिँदा राम्रो रहने समय योग छ । आफ्ना धारणा विचार र प्रेमभाव आफन्तसँग सेयर गर्दा राम्रो रहन्छ । आत्मविश्वासले गरेको काम राम्रो रहला । व्यापार–व्यवसाय मध्यमकारक छ । उदार मनोवृद्धिले नाम र दाम कमाइला । धार्मिक र सामाजिक काममा सरिक भइएला । पढाइ–लेखाइ ठिकै छ ।

**वृष राशि**: जोखिम र संकटले युक्त समय छ । धेरै इच्छाले नोक्सानी बेहोर्नु पर्ला । महत्वकांक्षालाई थाती राख्दा राम्रो रहन्छ । संयमताका साथ अगाडि बढ्दा राम्रो रहन्छ । व्यापार–व्यवसायमा मन्दी आउला । साहित्य, संगीतमा मन जाला । प्रतिस्पर्धामा सामेल भइने छ । मतभेद र आन्तरिक समस्यामा वृद्धि होला ।

**मिथुन राशि**: व्यक्तिसँगको भलाकुसारी र उठबसमा समय बित्ला । आन्तरिक तिर्सनाको परिपूर्ति हुन सक्ला । यात्रामा सरिक भइएला । कल्पनाशील र भावुक बनिने समय छ । पारिवारीक प्रयोजनको लागि खर्च हुने छ । मान्यजनको विश्वास पात्र बनिएला । कार्य क्षेत्रमा समस्या आउने भएकाले बेलैमा विचार गर्नुपर्ला । पढाइ–लेखाए ठिकै रहने छ ।

**कर्कट राशि**: हाँके ताकेका काममा सफलता प्राप्त होला । रिसराग र आवेगलाई नियन्त्रण गर्दा राम्रो रहन्छ । प्रतिद्वन्द्वीहरु सामु क्षमता प्रदर्शन होला । रोकिएका कामहरु बन्नेछन् । स्वास्थ्य स्थितिमा सुधार होला । साहित्य र संगीतमा मन जानेछ । घमण्डले केही समस्याहरु पैदा होलान् । पढाइ–लेखाइ ठिकै रहने छ ।

**सिंह राशि**: ज्ञान र बुद्धिको उपयोग गरी लक्ष्य प्राप्ति होला । नयाँ प्रविधिको जानकारी प्राप्त होला । बोलीमा मिठास देखिने छ । स्वास्थ्य सबल रहने समय छ । प्रेमभावमा वृद्धि होला । सामाजिक एवम् धार्मिक र साँस्कृतिक क्रियाकलापमा सरिक भइने छ । विश्वास र भरोसाको वातावरण बन्ला । पढाइ–लेखाइ ठिकै छ ।

**कन्या राशि**: शरीर स्वस्थ रहेपनि धन व्यय हुन छोड्ने छैन । आफन्तको व्यवहारले दिक्क लाग्ने छ । व्यापार–व्यवसाय प्राथमिकताका आधारमा गर्न नसक्दा पछि परिने छ । महत्वपूर्ण निर्णय लिनु अघि बिचार पुऱ्याउनु पर्ला । भोगविलास र रमझममा समय बित्ला । बानी र विश्वासको कमीले विश्वासको वातावरण कमजोर बन्ला । सामाजिक परोपकार र साँस्कृतिक काममा समय व्यतित हुने योग रहेको छ ।

**तुला राशि**: दु:खमा परेको आफन्तसँग भलाकुसारी गर्दा भाग्यबल बढ्ने समय छ । धार्मिक र सामाजिक काममा सरिक भइने छ । काममा सरिक हुँदा शान्तिको अनुभूति प्राप्त होला । आवश्यकताको पूर्ति हुने समय छ । बन्धुबान्धवबाट सहयोग प्राप्त होला । अध्ययन–अध्यापनका क्षेत्रमा सफलता प्राप्त हुने समय छ ।

**वृश्चिक राशि**: समय मध्यमकारक छ । धार्मिक एवम् सामाजिक काममा सरिक भइने छ । धन सम्पत्ति उपार्जन हुने समय छ । फाइदाका लागि योजनाहरु गोप्य राख्दा राम्रो रहन्छ । रोकिएका वा फसेको धन हात लाग्ला । व्यापार–व्यवसाय मध्यम रहने छ । बोली व्यवहारले धेरैलाई आकर्षण गर्ला । पढाइ–ठिकै छ ।

**धनु राशि**: मनमा सलबलाएको बिचार र योजनाहरु कार्यान्वयन होलान् । बौद्धिक एवम् पढाइ लेखाइमा प्रगति हुनेछ । धार्मिक एवम् सामाजिक एवम् साँस्कृतिक क्रियाकलापमा सरिक भइने समय योग छ । व्यापार–व्यवसाय सोचे अनुरुप नै होला । रिसराग र घमण्डबाट टाढा रहँदा राम्रो रहने समय छ ।

**मकर राशि**: परिबन्ध र बाध्यताका काममा रुमल्लिनु पर्ला । नियमित र व्यवहारिक खर्च बढ्न सक्छ । वैदेशिक प्रयोजनको कामबाट मनग्ये लाभ होला । व्यापार–व्यवसाय ठिकै रहला । पढाइ–लेखाइका कामहरु मध्यमकारक रहन्छन् । तनाव झेल्ने समय योग छ । विद्यार्थीहरुका लागि मनमा द्विविधा आइपर्ला । राम–रमाइलोमा मन जाला ।

**कुम्भ राशि**: मर्मतसंभारका लागि योजना बनाइएला । अर्कोको सहयोगका लागि समय प्रदान गर्नुपर्ला । अड्किएको वा फसेको धन हात पर्ला । आम्दानीको स्रोतमा बढोत्तरी होला । धार्मिक एवम् सामाजिक एवम् साहित्यिक कार्यमा सरिक भइने छ । यात्राको कार्यक्रम बन्न सक्छ । मनमा चिन्ता र छटपटी बढ्ला । पढाइ–लेखाइ ठिकै छ ।

**मीन राशि**: कार्यक्षेत्रमा सक्रिय भएर खटिएला । व्यक्तित्व विकास र लक्ष्यप्राप्तिको महत्वाकांक्षामा केन्द्रित भइने छ । हार्दिकता र भावनाका दृष्टिले कमजोर समय छ । व्यवहारमा लचिलोपन प्रस्तुत गर्दा राम्रो रहन्छ । व्यापार–व्यवसाय मध्यमकारक नै मान्नुपर्दछ । पुरस्कार र बढुवा प्राप्त हुन सक्छ । धार्मिक एवम् सामाजिक काममा सरिक भइने छ ।

Admission Open !!!
+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)



BSc. CSIT
BCA
BBS
} TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
हेटौंडा- सिटि कलेज (जेनिथ मावि)
हेटौंडा-५, पिप्ले

## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।



**सम्पादक ।**

## राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता

# पूर्वेली भेट्रान्स सेमिफाइनल प्रवेश

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी तेस्रो संस्करणको राष्ट्रिय रोटरी मकवानपुर पिप्ले क्याम्पा भेट्रान्स फुटबल प्रतियोगिताको सेमिफाइनलमा झापाको पूर्वेली भेट्रान्स क्लब प्रवेश गरेको छ । शुक्रबार हेटौंडा-५, पिप्लेस्थित पिप्ले क्याम्पा रंगशालामा भएको क्वार्टरफाइनल खेलमा रमेश गुरुङको निर्णायक गोलमा पूर्वेली क्लब प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको हो। गुरुङले खेलको २० औं मिनेटमा गोल गर्दै म्यान अफ द म्याचसमेत हुन सफल भएका छन् ।

शुक्रबार बिहान भएका खेलमा वीरगञ्ज एकेडेमी भेट्रान्सलाई ४-१ गोलले हराउँदै पोखराको बगरभाइ भेट्रान्स क्वार्टरफाइनलमा प्रवेश गरेको छ । बिहीबार वर्षाको कारण खेलाउन सम्भव नभएको खेललाई शुक्रबार बिहान सञ्चालन गरेको हो ।

बगरभाइका ईश्वर गुरुङले खेलको १६ औं मिनेटमा गोल गर्दै पहिलो अग्रता दिलाएका थिए। गम्भीर परियारले २१ औं मिनेटमा गोल गरेर अग्रतालाई कायम राखेका थिए । खेलको २६ औं मिनेटमा तेजबहादुर गुरुङ र २४ औं मिनेटमा गंगा तामाङले समान एक-एक गोल गरेका थिए। वीरगञ्जको तर्फबाट शम्भु अधिकारीले सान्त्वना गोल गरेका थिए । बगरभाइका धनकुमार गुरुङ म्यान अफ द म्याच घोषित भएका छन् । यस्तै, शुक्रबार हुने भनिएको चितवन जिल्लाको चितवन भेट्रान्स क्लब र काठमाडौं महानगरपालिकाको फ्रिडम फाइटर भेट्रान्सबीचको क्वार्टर फाइनल खेल वर्षाको कारण स्थगित भएको छ । स्थगित भएको खेललाई शनिबार बिहान खेलाइने बताइएको छ ।

प्रतियोगिताको फाइनल खेल आउँदो सोमबार हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले दुई लाख दुई हजार दुई सय २२ रुपैयाँ र उपविजेता टिमले एक लाख एक हजार एक सय ११ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगितामा सर्वोकृष्ट प्रशिक्षकले १० हजार रुपैयाँ, सर्वोकृष्ट खेलाडीले ५ हजार रुपैयाँ, सर्वोकृष्ट गोलरक्षक, डिफेन्स, मिडफिडर र फरवार्डले ५-५ हजार रुपैयाँ नगद राशि प्राप्त गर्नेछन्। प्रतियोगिताका लागि करिब १८ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

पहिलो र दोस्रो संस्करणको प्रतियोगिताको प्रथम पुरस्कार एक लाख रुपैयाँ र द्वितीय पुरस्कार ७५ हजार रुपैयाँ रहेकोमा यस वर्षबाट पुरस्कारको रकम बढाइएको हो । वि.स. २०७२ सालको पहिलो संस्करण र २०७३ सालको प्रतियोगिताको उपाधि चितवन भेट्रान्सले जितेको थियो ।

## मकवानपुर जिल्ला लिग

# शुक्रबारको ३ खेल बराबरी, एक खेल स्थगित

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा जारी मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिताअन्तर्गत शुक्रबार ३ खेल बराबरीमा रोकिएको छ। शुक्रबारका लागि निर्धारण गरिएको एक खेल भने स्थगित भएको छ ।

हेटौंडा-६ स्थित गौरीटार रंगशालामा एक खेल र हेटौंडा-११ स्थित सिमलटार मैदानमा दुई खेल गरी ३ खेल बराबरीमा रोकिएको हो । गौरीटारको न्यू डाँफे क्लब र रियल स्टार क्लबबीचको खेल बराबरीमा राकिएको छ। यस्तै, सिमलटारको ७ नम्बर फुटबल क्लब र सानोपोखराबीचको खेल एक-एक गोलको बराबरीमा रोकिएको छ भने हटिया स्पोर्टस् र पदमपोखरीबीचको खेल भने गोल रहित बराबरीमा रोकिएको हो । यस्तै, एफसी मल्टिभिजन र एफसी बिचको खेल ३-० गोल अन्तरमा स्थगित भएको छ । एफसी मल्टिभजले ३-० गोलको अग्रतामा रहँदा खेल सकिन १ मिनेट बाँकी रहँदा विवाद भएका कारण स्थगित भएको हो ।

प्रतियोगिताको फाइनल खेल असोज ९ गते हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

प्रत्येक खेलको म्यान अफ द म्याच हुने खेलाडीका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ ।

# सिद्धार्थ शिशु सदनका बालबालिकाको मनोरञ्जनात्मक कार्यक्रम

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५ स्थित सिद्धार्थ शिशु सदन बोर्डिङले बालबालिकाका लागि मनोरञ्जनात्मक कार्यक्रमको आयोजना गरेको छ। शुक्रबार राष्ट्रिय बाल दिवसको अवसरमा बालबालिकाका लागि मनोरञ्जनात्मक कार्यक्रम आयोजना गरेको हो ।

बोर्डिङका प्रिन्सिपल निर्मल पराजुलीको प्रमुख आतिथ्य तथा बाल क्लबका अध्यक्ष एन्जल लामाको सभाध्यक्षतामा मनोरञ्जनात्मक कार्यक्रम भएको हो । बालबालिकामा लगानी सुनिश्चत भविष्यको थालनी भन्ने नारालाई सार्थक बनाउन कार्यक्रम आयोजना गरेको विद्यालयका शिक्षक सुन्दर लुईंटेलले जानकारी दिनुभएको छ ।



विद्यालयका कक्षा-१० सम्मका विद्यार्थीको सहभागितामा खुला वक्तृत्वकला प्रतियोगिता, कविता वाचन, नृत्य र गायनलगायतको प्रतियोगिता आयोजना भएको उहाँले बताउनुभयो। उहाँका अनुसार प्रतिस्पर्धात्मक भन्दा पनि खुलारुपमा कार्यक्रम गरेकाले आइतबार कार्यक्रममा सहभागीहरुलाई पुरस्कार प्रदान गरिनेछ। बालबालिकाको नेतृत्व विकास एवम् उनीहरुलाई मनोरञ्जन गराउने उद्देश्यले शिक्षकहरुले पनि सामूहिक नृत्य प्रस्तुति गरेको उहाँको भनाइ छ । कार्यक्रममा बोर्डिङका प्रावि संयोजक पुष्प पुन मगर, मावि संयोजक अनु गौतम, बाल क्लबका सदस्य आदित्य पराजुलीलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो। विद्यालयका सह-प्रधानाध्यापक केदार न्यौपानेले कार्यक्रमलाई सहजीकरण गर्नुभएको थियो ।

# हिज्जे प्रतियोगितामा भानु मावि प्रथम

समाज संवाददाता

हेटौंडाः बाल दिवसको उपलक्ष्यमा आयोजित प्राविस्तरीय अङ्ग्रेजी हिज्जे प्रतियोगितामा भानु मावि प्रथम भएको छ। शुक्रबार मकवानपुरगढी-२ मा रहेको वंशगोपाल माध्यमिक विद्यालयमा मकवानपुरगढी गाउँपालिकाले बाल दिवसको अवसरमा आयोजना गरेको अंग्रेजी हिज्जे प्रतियोगितामा मकवानपुरगढी-३ मा रहेको भानु माध्यमिक विद्यालय प्रथम भएको हो ।

'बालबालिकामा लगानी सुनिश्चित भविष्यको थालनी' भन्ने मूल नाराका साथ मकवानपुरगढी गाउँपालिकाले प्रतियोगिता सञ्चालन गरेको थियो । प्रतियोगितामा आधारभूत तहका (कक्षा ६-८) सम्मका १६ वटा विद्यालयका विद्यार्थीहरूको सहभागिता रहेको थियो । प्रतियोगितामा मकवानपुरगढी-५ स्थित शारदा मावि द्वितीय भएको छ भने गढी गाउँपालिका-१, सुकौरास्थित बुद्ध धर्म आधारभूत विद्यालय तृतीय भएको छ। प्रतियोगितामा प्रथम द्वितीय र तृतीय हुने विद्यार्थीहरूलाई शैक्षिक सामग्री कपी, कलम, ग्रामर बुक, नोटबुक आदि वितरण गरिएको थियो ।

प्रतियोगितामा गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तान, स्रोत शिक्षक दासरथी उपाध्याय, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख रामबहादुर घलान, विद्यालयका प्रधानाध्यापकहरु, विभिन्न विद्यालयका शिक्षक एवम् विद्यार्थीहरुको उपस्थिति रहेको थियो ।

यस्तै, गाउँपालिकाकै आयोजनामा मकवानपुरगढी-३, मक्राञ्चुलीस्थित भानु माध्यमिक विद्यालयमा भएको हिज्जे प्रतियोगितामा पनि भानु मावि नै प्रथम भएको छ । गाउँपालिकाको आयोजनामा मकवानपुरगढी ४ मा रहेको ज्वालादेवी आधारभूत विद्यालय र मनकामना माध्यमिक विद्यालयबीच भएको अंग्रेजी हिज्जे प्रतियोगितामा भानु मावि प्रथम भएको थियो ।

यस्तै, प्रतियोगितामा ज्वालादेवी आधारभूत विद्यालय द्वितीय भएको छ भने मनकामना मावि तृतीय भएको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने सबै विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको छ । प्रतियोगितामा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खिलप्रसाद चौलागाईंको सभाध्यक्षता रहेको थियो । प्रतियोगितामा व्यवस्थापन समितिका सदस्य लक्ष्मण भट्टराई, विद्यालयका प्रधानाध्यापक राजेन्द्र थापा, विभिन्न शिक्षक कर्मचारी एवम् विद्यार्थीहरूको उपस्थिति रहेको थियो ।

## भीमफेदी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**भीमफेदी, मकवानपुर**

**बागमती प्रदेश**

### अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुलाई सामाजिक सुरक्षा योजनामा सहभागि हुन आवेदन दिने सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०५/२७)*

प्रस्तुत विषयमा यस भीमफेदी गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुको योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम सञ्चालन हुन गईरहेको हुँदा योजनामा सहभागि हुन ईच्छुक व्यक्तिले सम्बन्धीत वडा कार्यालयमा आवश्यक कागजातसहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवेदन दर्ता गर्नहुन सम्बन्धीत सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त भएका निवेदन योजनामा छनौटका लागि अमान्य हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**

१. सम्पर्क नम्बरसहितको हस्तलिखित निवेदन,
२. नेपाली नागरिकताको प्रतिलिपि,
३. पासपोर्ट साईजको फोटो- २ प्रति,
४. सम्बन्धीत वडा कार्यालयले निज अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक रहेको भनी गरेको सिफारिसपत्र,
५. मासिक कोषमा रकम जम्मा गर्ने सम्बन्धी स्वघोषणा पत्र,
६. चेकको प्रतिलिपि,
७. अनौपचारिक क्षेत्रमा कार्यरत छु भन्ने स्वघोषणा पत्र,

**योजनामा सहभागि हन पुरा गर्नपर्ने आवश्यक मापदण्डहरूः**

क) वडाबाट प्राप्त निवेदन पालिकाको छनौट समितिले आवश्यक रुजु गरी सूचिकृत श्रमिकको अन्तिम नामावलि प्रकाशन गरिनेछ।
ख) अन्तिम नामावलिमा सूचिकृत श्रमिक यस चालु आर्थिक वर्ष २०८१/०८२ का लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको योगदानकर्ता सूचिमा सूचिकृत रहनेछन् ।
ग) यस योजनामा सहभागी हुन प्रत्येक श्रमिकले अनिवार्य बैंक खाता खोलेको हुनुपर्नेछ ।
घ) यस योजनामा सहभागी भए पश्चात योगदानकर्ताले अनिवार्य मासिक रुपमा सामाजिक सुरक्षा कोषमा योगदान गर्नुपर्नेछ।
ङ) अनौपचारिक क्षेत्रका श्रमिकको तर्फबाट नेपाल सरकारले तोकेको न्युनतम आधारभुत पारिश्रमिक
(रु. १०,८२०/-) को ११% रकम रु. १,१९०/- र गाउँपालिकाको तर्फबाट ९.३७% रकम रु. १,०१४/- थप गरी कुल २०.३७% (रु. २,२०४/-) मासिक रुपमा सामाजिक सुरक्षा कोषमा जम्मा गरिनेछ ।
च) अनौपचारिक क्षेत्रका सूचिकृत श्रमिकको खातामा जम्मा भएको रकमको विवरणको आधारमा गाउँपालिकाबाट नेपाल सरकारको औद्योगिक क्षेत्रका लागि तोकेको न्युनतम आधारभूत पारिश्रमिकको ९.३७% (रु. १,०१४/-) बराबरको रकम थप गरी सामाजिक सुरक्षा कोषमा जम्मा गरिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## ग्रामीण जागरण तथा विकास संगठन नेपाल, मकवानपुर
RADO-Nepal

### पुराना मोटरसाइकल लिलाम बिक्री गर्न शिलबन्दी बोलपत्र आह्वानको सूचना

*(प्रकाशित मिति : २०८१/०५/२९)*

यस संस्थाको भौतिक परीक्षण उप-समितिको राय र कार्यसमिति निर्णय तथा २०८०/०६/२७ गते बसेको साधारण सभाको निर्णयानुसार यस संस्थाको स्वामित्वमा रहेका तपशिल बमोजिमका पुराना मोटरसाइकलहरु जे-जस्तो अवस्थामा छन सोहि अवस्थामा निम्न शर्तहरुको अधिनमा रही लिलाम बिक्री गर्नु पर्ने भएकोले खरिद गर्न इच्छुक व्यक्ति वा फर्महरुलाई सुचना प्रकाशित मितिबाट ७ (सात)दिन भित्रमा शिलबन्दी बोलपत्र पेश गर्नको लागि सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| सि.नं | लिलाम हुने सामानको विवरण | परिमाण |
|---|---|---|
| १. | यामाहा SZRR मोटरसाईकल | ३ थान |

**लिलामको शर्तहरू**

१. मोटरसाइकलको सम्पूर्ण विवरण बोलपत्र फारममा उल्लेख गरिएको छ ।
२. लिलाममा सहभागि व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र तथा संस्था/कम्पनी/फर्मको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि र निवेदन पेश गरिसकेपछि यस संस्थाको कार्यालयबाट बोलपत्र फारम प्राप्त गर्न सकिने छ ।
३. लिलाम बिक्रीको न्यूनतम मूल्य बोलपत्र फारममा उल्लेख भएको हुनेछ ।
४. लिलाम बिक्रीमा सहभागि व्यक्ति वा फर्मले आफूले सकार गर्ने साधनको विवरण र रकम जम्मा गरेको सक्कल भौचर समेत संलग्न गर्नुपर्ने छ । रकम जम्मा गर्दा यस संस्थाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, हेटौडा शाखाको चल्ती हिसाब नं १३००१००००२७८७००१ मा जम्मा गर्नुपर्ने छ ।
५. सामान हेर्न चाहनेहरुको लागि लिलाम हुने मोटरसाईकल यस संस्थाको कार्यालय हेटौडा-२, मनकामना चोकमा राखिएको ठाउँमा अवलोकन गर्न सकिने छ ।
६. लिलाम सकार गर्ने व्यक्ति वा फर्मलाई नियमानुसार मोटरसाईकल संस्थाले २ महिना भित्रमा नामसारी गरिदिने छ । नामसारी भएपछि मात्र उक्त मोटरसाईकल सम्बन्धित व्यक्ति वा फर्मलाई हस्तान्तरण हुनेछ ।
७. बोलपत्रदाताले कुनै एउटा वा सबै मोटरसाईकलको खरिद मुल्य पेश गर्न सक्नेछ । यसरी पेश गरेको मुल्यमा प्रत्येक मोटरसाइकलको अलग अलग मुल्यांकन हुनेछ ।
८. संस्थाले सबैभन्दा बढी मुल्य पेश गर्ने बोलपत्रदातालाई मोटरसाईकलको नामसारी गर्ने छ ।
९. मोटरसाइकल नामसारी गर्दा लाग्ने शुल्क खरिदकर्ता स्वयंले व्यहोर्नु पर्नेछ ।
१०. बोलपत्र पेश गर्दा अन्तिम दिनको १२:०० सम्म पेश गर्नु पर्ने छ र सोहि दिन २:०० बजे बोलपत्र खोलिने छ।
११. बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट सोहि समयमा बोलपत्र खोलिने छ ।
१२. अन्य थप केही भएमा संस्थाको नियम तथा प्रचलित कानुन वमोजिम हुनेछ ।




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ